जिल्ला समन्वय समिति, सिरहा
प्रदेश नं. २, नेपाल

☎ ००९७७-३३-५२०११६
५२००१५
५२०७७०
Email-infoddcsiraha@gmail.com
Website-www.dccsiraha.gov.np

पत्र संख्या :-२०७७/०७८
चलानी नंम्वर :- 6५

मिति:-२०७७/०६/२०

विषय : निर्णय कार्यान्वयन सम्वन्धमा ।

श्री स्थानीय तह (सबै)
सिरहा ।

उपरोक्त सम्वन्धमा मिति २०७७/०६/१९ गतेका दिन जिल्ला प्रशासन कार्यालय, सिरहाका प्रमुख जिल्ला अधिकारी श्री प्रदीपराज कणेल ज्यूको अध्यक्षतामा वसेको COVID-19 नियन्त्रण तथा रोकथामको लागि गठित जिल्ला स्तरिय Crisis Managemnet Center को बैठकको निर्णय प्रतिलीपी तपसिलमा उल्लेखित निर्णयहरु आवश्यक कार्याथ पठाईएको व्यहोरा अनुरोध छ ।

तपसिल:-

१. कोभिड १९ को संक्रमणलाई नियन्त्रण तथा रोकथाम सम्वन्धी विद्यमान व्यवस्थापनवारे वैठकमा छलफल भयो । यसमा जिल्लास्तरिय CCMC वाट मिति २०७७/०६/०१ र २०७७/०६/०९ मा भएको निर्णयको प्रभावकारी कार्यान्वयन एवम् ततसम्वन्धी दैनिक नियमित प्रविवेदन गर्न सवै १७ वटै स्थानीय तहहरुलाई समेत पुनः अनुरोध गरी अनुगमन गर्ने गराउने ।
२. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ को संक्रमणलाई मध्यनजर गर्दै अउँदै गरेको २०७७ सालको वडादशैं तथा अन्य पर्वमा जिल्ला भित्रका सम्पूर्ण सार्वजनिक मठ मन्दिरहरुमा पशुपंक्षी वली नचढाउन तथा कुनैपनि भिडभाड हुने क्रियाकलाप नगर्न, प्रथा परम्परा धान्न संक्षिप्त क्षमा पुजा गर्नको लागि सरोकारवालाहरुलाई सूचना जारी गरी जानकारी गराउने र त्यस्ता क्रियाकलाप नगर्नको लागि स्थानीय तहहरुले प्रचार प्रसार अहिलेवाट नै गर्न अनुरोध गर्ने ।
३. मिति २०७७/०६/१० बाट २०७७/०६/२५ गते सम्म जारी निषेधाज्ञा आदेश अनुरुप जनस्वास्थ्य र सुरक्षाका मापदण्ड अवलम्वन गर्ने प्रवृत्तिमा कमी आएको देखिएको हुँदा सम्वन्धित स्थानीय तहका वडा अध्यक्ष, प्रहरी एवम् व्यापारीक प्रतिनिधिले सघन रुपमा अनुगमन गर्न । पुनः सवै स्थानीय तह मार्फत जानकारी दिने र जिल्ला प्रहरी कार्यालय एवम् सशस्त्र प्रहरी बल नेपाल समेतवाट नियमन गर्ने ।
४. गृह मन्त्रालयको च.नं. १०३१ मिति २०७७/०६/१५ गतेको जानकारी गराइएको सम्वन्धी पत्रमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको पत्रवाट १९ को महामारीको कारण अवरुद्ध शिक्षण सिकाईलाई निरन्तरता दिनका लागि नेपाल सरका (म.प) को मिति २०७७/०६/०१ गतेको निर्णयवाट स्वीकृत *"विद्यालय शिक्षा सम्वन्धि आकस्मिक कार्ययोजना, २०७७"* तथा शिक्षा मन्त्रालयको मिति २०७७/०५/१० को निर्णयवाट स्वीकृत विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७ को प्रतिहरु संलग्न गरी विद्यार्थीको सिकाइ सहजीकरण गर्ने गराउने कार्यमा जिल्ला प्रशासन कार्यालयहरुवाट आवश्यक सहजीकरण हुने व्यवस्थाका लागि मिति २०७७/०६/०६ को माननीय मन्त्रीस्तरको निर्णयानुसार अनुरोध भइ आएको उक्त कार्ययोजना र निर्देशिका जानकारीको लागि उल्लेख भएको सम्वन्धमा कोभिड १९ को विश्वव्यापी महामारीको अवस्थाले अवरुद्ध रहेको विद्यालयको नियमित

प्रमुख

Scanned with CamScanner

☎ ००९७७-३३-५२०११६

जिल्ला समन्वय समितिको कार्यालय सिरहा

☎ ००९७७-३३-५२०११६
५२००१५
५२०७७०

जिल्ला समन्वय समिति, सिरहा
प्रदेश नं. २, नेपाल

Email-infoddcsiraha@gmail.com
Website-www.dccsiraha.gov.np

पत्र संख्या :-२०७७/०७८
चलानी नम्वर :- ६९

पठनपाठन सुचारु गर्न नेपाल सरकार (म.प) को मिति २०७७/०६/०१ गतेको निर्णयवाट स्वीकृत *"विद्यालय शिक्षा सम्वन्धि आकस्मिक कार्ययोजना, २०७७"* र नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७७/०५/१९ को माननीय मन्त्री स्तरीय निर्णय अनुसार स्वीकृत "विद्यार्थी सिकाई सहजिकरण निर्देशिका, २०७७" ले निर्दिष्ट गरेको परिधी र मापदण्ड भित्र रही निर्देशिका वमोजिम सवै स्थानीय तहहरुले आ-आफ्नो क्षेत्र भित्रका सम्पूर्ण शैक्षिक संस्थाहरुसँग कार्यायोजना माँग गरी सोही कार्ययोजनाको आधारमा शैक्षिक संस्थाहरुले प्राप्त निर्देशिका र कार्ययोजना वमोजिम गर्न अनुरोध गर्ने । सो निर्देशिकाको मर्म विपरित कतीपय स्थानीयतहहरुले आ-आफ्नो स्थानीय तहका विद्यालयमा साविकमा झै विद्यालय संचालन गरी पठन पाठन गराएको, वसवाट विद्यार्थी ओसार्ने गरेको देखिएको हुँदा त्यस्तो क्रियाकलाप नगर्न र निर्देशिकामा भएका शर्त अनुरुप वैकल्पिक शिक्षण सिकाई क्रियाकलाप गर्न गराउन सवै स्थानीय तहहरुलाई जानकारी गराउने ।

.......................
रामचन्द्र ठाकुर
प्रमुख

प्रमुख
जिल्ला समन्वय समिति,सिरहा

बोधार्थ:-

श्री जिल्ला प्रशासन कार्यालय, सिरहा

Scanned with CamScanner